# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक २४ ❖ २०८२ पुस ३० गते बुधबार ❖ Wednesday, 14 Jan, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### चौथो गैंडाकोट महोत्सव-२०८२ सुरु

## वैदेशिक रोजगारीको बाध्यता अन्त्य गर्छौं : अध्यक्ष ढकाल



गैंडाकोट। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्वदेशमै रोजगारी सिर्जना गर्न निजी क्षेत्रले पहल गरिरहेको बताएका छन्। चौथो गैंडाकोट महोत्सवको उद्घाटनका अवसरमा अध्यक्ष ढकालले वैदेशिक रोजगारीमा जाने बाध्यता अन्त्य गर्ने जनाएका हुन्।

बूढा बाबुआमाको स्याहार सुसार गर्नुपर्ने बेलामा छोडेर विदेश जानुपर्ने नेपालीको बाध्यतालाई केही हदसम्म भए पनि कम गरौँ भन्ने उद्देश्यले आफूहरुले काम गरिरहेको उनले बताए। युवाहरुलाई स्वदेशमै रोक्नका लागि निजी क्षेत्रलाई प्रवर्द्धन गर्दै राज्यले निर्माण गरेको नीति, निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन ल्याउनुपर्नेमा ढकालले जोड दिए।

'हाम्रो प्रयास कमसेकम यहीँ नै रोजगारी सिर्जना गरौँ र यो वैदेशिक रोजगारीमा जाने बाध्यतालाई अन्त्य गरौँ भन्ने हो', उनले भने, 'उद्योगी व्यवसायीले व्यक्तिगत फाइदाको लागि मात्रै नभई रोजगारी सिर्जना गर्न, राज्यलाई कर भुक्तानी गर्न र राष्ट्रको विकासका लागि काम गर्दै आएका छन्।'

अहिले विभिन्न अवसरका लागि युवा पुस्ता देश बाहिर जाने गरेका उल्लेख गर्दै केही युवाहरु फर्किने गरेको भए पनि धेरै उतै पलायन हुने गरेको ढकालको भनाइ छ। विदेशमै बस्ने गरी जानेक्रम बढ्नु भनेको कहालीलाग्दो अवस्था भएको उनले बताए। 'नेपालमा पर्याप्त सम्भावना भएर पनि हामीले प्रचारप्रसार गर्न नसक्दा फाइदा लिन सकेका छैनौँ', उनले भने, 'नेपालमा देवघाट, मुक्तिनाथ, लुम्बिनी, सगरमाथा रहेका छन्, यसको हामीले फाइदा लिनसक्नुपर्छ।'

नेपालको धार्मिक, सांस्कृतिक र पर्यटकीय धरोहरलाई प्रवर्द्धन गर्नुपर्ने भन्दै उनले यसका लागि निजी क्षेत्र हरबखत तयार रहेको बताए। नेपाल उद्योग वाणिज्य महासंघले नवप्रवर्तनका लागि लगानी उपलब्ध गराउन १० अर्ब रुपैयाँबराबरको कम्पनी खडा गरेको उनले बताए। 'महासंघले प्रवर्द्धन गरेको एनडिपी कम्पनीले लगानी जुटाउन सहयोग गर्दछ', उनले भने, 'आन्तरिक पुँजी परिचालन गरी सहकार्य गर्न हामी तयार छौँ।'

महोत्सव उद्घाटनका क्रममा उद्योगी व्यवसायीहरुले राज्यको नीतिको कारण उद्योगी व्यवसायी मारमा परेका गुनासो गरेका छन्।

कार्यक्रममा मुनाल फुइसका

*(बाँकी ५ पेजमा)*

## रत्ननगर महोत्सवमा दर्शकको घुइँचो

रत्ननगर। पूर्वी चितवनको रत्ननगरस्थित टिकौली चौरमा जारी रत्ननगर महोसत्सवको १३औँ संस्करणमा अवलोकनकर्ताको संख्या बढ्दै गएको छ।

रत्ननगर उद्योग वाणिज्य संघको आयोजनामा सुरू भएको महोत्सवमा दिनप्रतिदिन अवलोकनकर्ताहरुको





संख्या बढ्दै गएको संघका अध्यक्ष शङ्कर गिरीले बताए। महोत्सव अवलोकन गर्न आएका मानिसहरुले रामजानकी मन्दिर आकृतिको भव्य गेट हेर्ने, फोटो तथा भिडियो खिच्ने गरेका छन्।

महोत्सव प्रवेश गरेका अवलोकनकर्ताहरुको रोजाइमा विभिन्न जनजातिको घर, कृषि परिसर र सांस्कृतिक कार्यक्रम रोजाइमा पर्ने गरेको छ। हरेक दिन चर्चित गायक-गायिकासहितका कलाकारको प्रस्तुतिमा दर्शकले मनोरञ्जन लिइरहेका छन्। हरेक दिन राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुति रहने सांस्कृतिक कार्यक्रम संयोजक प्रकाशमणि सापकोटाले जानकारी दिए।

यसपटकको महोत्सवमा मह उत्सव, रोजगारी मेला र जलपरी अवलोकन मुख्य आर्कषणको रुपमा रहेको छ। महोत्सव परिसरमा महको उत्पादन, गुणस्तर र बजारीकरणलाई प्रवर्द्धन गर्न छुट्टै परिसर निर्माण गरिएको छ। युवाहरूलाई स्वदेशमै

*(बाँकी ५ पेजमा)*

## वृद्धाको हत्या गरी गरगहना लुटपाट

रत्ननगर। रत्ननगर-४, भोकाहामा शनिबार बिहानै एक हृदयविदारक घटनाले सबैलाई स्तब्ध बनायो। सधैँ एकाबिहानै घरबाहिर देखिने ६८ वर्षीया सुकमायादेवी तामाङ पौने ११ बज्दा पनि कतै देखिइनन्।



वृद्धालाई नदेखेपछि छिमेकीहरु झस्किए। अन्ततः छिमेकीहरुले ढोका फोड्दा देखिएको विदारक दृश्यले सबै स्तब्ध भए!

जब छिमेकीहरु वृद्धाको घरभित्र छिरे तब सुकमाया आफ्नै सुत्ने खाटमा हातखुट्टा बाँधिएको अवस्थामा मृत थिइन्। घरभित्रको अवस्था अस्तव्यस्त थियो। सुतिरहेकै खाटमा बाँधिएको अवस्थामा शव फेला परेपछि तत्काल प्रहरीलाई खबर गरियो।

घटनास्थलको प्रारम्भिक अनुसन्धान-बाट यो सामान्य मृत्यु नभई योजनाबद्ध र क्रूर हत्या भएको सङ्केत गरेको प्रहरीले जनाएको छ।

घटनास्थलको मुचुल्का तयार गरी शवलाई पोस्टमार्टमका लागि भरतपुर अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले बताए।

उनले भने, 'घटनाको प्रकृति हेर्दा हत्या भएको देखिन्छ। हामी सबै कोणबाट अनुसन्धान गरिरहेका छौँ।' स्थानीयवासीका अनुसार सुकमाया सरल स्वभावकी थिइन्। घरमा प्रायः एक्लै बस्दै आएकी थिइन्।

एक्लोपनको फाइदा उठाउँदै कसैले घरभित्रै पसेर यस्तो अमानवीय अपराध गरेको हुन


## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- ❖ मौलिक संस्कृतिको रक्षा गरौं।
- ❖ राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- ❖ मातृभाषाको सम्मान गरौं।
- ❖ परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- ❖ महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- ❖ सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- ❖ सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- ❖ आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सहभागी बनौं! "समग्र चितवनको गौरव र गरिमामय प्रस्तुती" सफल पारौं!

रत्ननगर महोत्सव २०८२

२०८२ पौष २५ देखि माघ ६ गतेसम्म (9th-20th January, 2026) | टिकौली चौर, रत्ननगर, चितवन

आयोजक: रत्ननगर उद्योग वाणिज्य संघ
संरक्षक: रत्ननगर नगरपालिका कार्यालय

मुख्य प्रायोजक: Hotel SEVEN LTD. CHITWAN, NEPAL | प्रायोजक: BARAHSINGHE | सह-प्रायोजक: AGROMIX | आधिकारिक नूडल्स: SIDDHI VINAYAK | छैठौं रत्ननगर सांस्कृतिक साना महोत्सव २०८२ चिकेन एण्ड एग फेस्टिवल प्रायोजक | मुख्यद्वार सौजन्य: GRACE INTERNATIONAL | रेष्टुरेन्ट परिसर सौजन्य: Coca-Cola | सहयोगी संस्था: FIRST WALK SHOES, maulakali CABLE CAR | टिकट संस्था: रिद्धि सिद्धि | स्टेज सौजन्य: expert EDUCATION | VISA | आधिकारिक बैंक: नेपाल बैंक लिमिटेड | आधिकारिक बिमा: सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि. | इन्टरनेट पार्टनर: TechMinds Network Pvt. Ltd. | कृषि परिसर सौजन्य: रत्ननगर नगरपालिका कार्यालय | प्रवर्द्धक

"बिर्सनु हुन्न बाजेबज्यैको स्वाद, जोगाऔं रैथाने संस्कृति र परम्परागत याद"

मुख्य आकर्षणहरू:

- बृहत कृषि प्रर्दशनी र बजारीकरण
- दोश्रो चितवन मह उत्सव २०८२
- रोजगार मेला २०८२
- व्यवसायिक कृषि सम्बन्धी प्राविधिक परामर्श सेवा र गोष्ठीहरू
- विविध खाद्य परिकारहरू: रैथाने बालीबाट उत्पादित खानाहरू
- विभिन्न व्यवसायिक अवसरहरू
- पर्यटन प्रवर्द्धनका विविध कार्यक्रमहरू
- फनपार्क
- दैनिक राष्ट्रिय कलाकारहरूबाट साँस्कृतिक प्रस्तुती
- विभिन्न जानजातीका परिकार सहित चिकेन एण्ड एग फूड फेस्टिवल

(मिति: २०८२ पौष २९ देखि माघ ३ गतेसम्म, रत्ननगर-१, सौराहाचोक)

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

### मेला-महोत्सवको बढ्दो रौनक

नेपाल सांस्कृतिक विविधता, परम्परा र सामाजिक मेलमिलापको देश हो। यही पहिचानलाई जीवन्त बनाइराख्ने माध्यमका रूपमा देशभर आयोजना हुने मेला-महोत्सवहरूको आकर्षण पछिल्ला वर्षहरूमा झनै बढ्दै गएको छ। धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटन तथा व्यापारिक उद्देश्यले सञ्चालन हुने यस्ता मेला-महोत्सवहरू केवल मनोरञ्जनका साधन मात्र नभई स्थानीय पहिचान, आर्थिक गतिविधि र सामाजिक एकताको महत्त्वपूर्ण आधार बन्दै गएका छन्। पछिल्लो समय हरेक जिल्लामा कुनै न कुनै बहानामा मेला आयोजना हुने गरेको देखिन्छ। यतिबेला रत्ननगर महोत्सव, खिचरा महोत्सव, माघे सङ्क्रान्ति मेला, गैंडाकोट महोत्सवजस्ता मेला-महोत्सवले समाजलाई उत्सवमय बनाउने काम गरेका छन्। यस्ता अवसरमा स्थानीय संस्कृति, भेषभूषा, खानपान, लोकगीत र नृत्य सार्वजनिकरूपमा प्रस्तुत हुने भएकाले नयाँ पुस्तामा संस्कृतिप्रतिको चासो बढ्नु सकारात्मक पक्ष हो।

मेला-महोत्सवले स्थानीय अर्थतन्त्र चलायमान बनाउँछन्। घरेलु तथा साना उद्योगका उत्पादन, हस्तकला, कृषि उपज र स्थानीय परिकारको बजारीकरणका लागि यी कार्यक्रम प्रभावकारी माध्यम बन्दै आएका छन्। होटल, यातायात, व्यापार र सेवाक्षेत्रमा चहलपहल बढ्दा रोजगारीका अवसरसमेत सिर्जना हुन्छन्। विशेषगरी ग्रामीण भेगमा आयोजना हुने मेला-महोत्सवले स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउने पुलको काम गर्छन्। पर्यटन प्रवर्द्धनमा पनि मेला-महोत्सवको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। मौलिक संस्कृति र परम्परामा आधारित कार्यक्रम हेर्न आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुन्छन्। यसले सम्बन्धित क्षेत्रको पहिचान स्थापित गर्न मद्दत गर्छ। उचित प्रचारप्रसार र व्यवस्थापन गर्न सकिए यस्ता महोत्सव दीर्घकालीन पर्यटन गन्तव्यको आधार बन्न सक्छन्।

मेला महोत्सवको होडबाजी र आकर्षणसँगै चुनौती पनि देखिन थालेका छन्। कतिपय मेला-महोत्सव नाम मात्रका सांस्कृतिक कार्यक्रम भएर अत्यधिक व्यापारिक र खर्चिलो बन्दै गएका छन्। अश्लील मनोरञ्जन, अस्वस्थ प्रतिस्पर्धा र कमजोर सुरक्षा व्यवस्थाका कारण नकारात्मक सन्देश जाने खतरा पनि उत्तिकै छ। भीड व्यवस्थापन, सरसफाइ, मूल्य नियन्त्रण र उपभोक्ता सुरक्षामा ध्यान नदिँदा मेला आफैं समस्याको केन्द्र बन्न सक्छ। त्यसैले मेला-महोत्सवलाई दीगो र मर्यादित बनाउन सम्बन्धित निकाय, स्थानीय तह र आयोजकबीच स्पष्ट समन्वय आवश्यक छ। मौलिकता जोगाउँदै अनुशासित मनोरञ्जन, पारदर्शी आर्थिक व्यवस्थापन र सुरक्षित वातावरण सुनिश्चित गरिनुपर्छ। संस्कृतिको संरक्षण, अर्थतन्त्रको सशक्तीकरण र सामाजिक एकताको सन्तुलन मिलाउन सके मेला-महोत्सव देशको समृद्धिको महत्त्वपूर्ण आधार बन्न सक्छन्। देशभर बढ्दो मेला-महोत्सवको आकर्षण हाम्रो सांस्कृतिक चेतनाको उज्यालो पक्ष हो। यस आकर्षणलाई अनुशासन, जिम्मेवारी र दीगो विकाससँग जोड्नु उत्तिकै आवश्यकता देखिन्छ।

# आमाको दूध बच्चाको पहिलो प्राकृतिक औषधि





- डा स्वेच्छा अधिकारी

स्वास्थ्य

स्तनपान (ब्रेस्ट फिडिङ) भन्नाले बच्चालाई आमाको दूध खुवाउने प्रक्रिया हो, जुन बच्चाको पहिलो र सबैभन्दा महत्वपूर्ण आहार हो। यो केवल खाना मात्र होइन, रोगसँग लड्ने शक्ति दिने प्राकृतिक औषधी पनि हो।

हरेक वर्ष अगस्ट १ देखि ७ सम्म मनाइने विश्व स्तनपान सप्ताहले आमाको दूधको महत्व र स्तनपानलाई प्रोत्साहन गर्न सहयोग पुर्‍याउँछ। किनकि स्तनपान बच्चा र आमाका लागि दुबैका लागि अमूल्य उपहार हो।

**बच्चालाई स्तनपानबाट हुने प्रमुख फाइदाहरू:**

**सुरक्षित र सफा दूध:**
यदि बच्चलाई बोतल फिडिङ गराउनुपर्ने अवस्था छ भने बोतल सफा राख्नुपर्छ, पानीमा उमाल्नुपर्छ, जुन धेरै समय लाग्ने र संक्रमणको जोखिम हुने प्रक्रिया हो। तर आमाको दूध सिधै स्तनबाट बच्चालाई दिइन्छ। यसमा कुनै तयारी गर्नु पर्दैन, तापक्रम पनि बच्चाका लागि उपयुक्त हुन्छ, र यो पूर्णरूपमा संक्रमणमुक्त हुन्छ।

**सक्रिय रोग प्रतिरोधात्मक तत्वहरू:**
आमाको दूधमा बच्चाको रोगसँग लड्ने क्षमतालाई बढाउने तत्वहरू हुन्छन्, जस्तै IgA, IgG, IgM आदि। बच्चा जन्मेपछि आउने पहैंलो र गाढा बिगौती दूधमा उच्च प्रोटिन हुन्छ।

**बौद्धिक विकास:**
स्तनपान गराइएका बच्चाहरूको मस्तिष्क विकास अन्यको तुलनामा बढी राम्रो हुने अध्ययनले देखाएको छ। आमाको दूधमा यस्तो तत्व हुन्छ जुन न्यूरोलोजिकल विकासमा सहयोग गर्छ, जुन गाई वा अन्य दूधमा हुँदैन।

**भावनात्मक सम्बन्ध:**
स्तनपानले आमा र बच्चाबीचको आत्मीय सम्बन्ध बलियो बनाउँछ। बच्चालाई आमासँग नजिक हुनु, सुरक्षित महसुस हुनु र मायाको अनुभूति हुनु यहींबाट सुरु हुन्छ।

**दीर्घकालीन स्वास्थ्य फाइदा:**
पूर्ण रुपमा स्तनपान गरेको बच्चामा एलर्जी, दम, पेटको संक्रमण, मोटोपन, मधुमेह, उच्च रक्तचाप र मुटुको रोगहरू कम हुने सम्भावना हुन्छ।

**आमालाई स्तनपानबाट हुने फाइदाहरू:**

**रक्तश्राव रोकथाम** (Postpartum bleeding)
बच्चा जन्मेपछि जब आमाले स्तनपान सुरु गर्छिन्, तब पेटभित्रको बच्चा बस्ने अङ्ग (गर्भाशय) खुम्चिन थाल्छ। यसले गर्दा धेरै रगत बग्ने सम्भावना घट्छ र आमाको शरीर चाँडै ठीक हुन मद्दत हुन्छ।

**प्राकृतिक गर्भनिरोधक उपाय:**
स्तनपान गर्दा महिनावारी केही समय नआउन सक्छ। यसलाई Lactational Amenorrhea भनिन्छ। यसले केही महिनासम्म गर्भ नबस्ने प्राकृतिक उपायको रूपमा काम गर्छ।

**क्यान्सरको जोखिम घटाउने:**
स्तनपानले स्तन क्यान्सर, डिम्बाशयको क्यान्सर, पाठेघर भित्रको क्यान्सर (Endometrial cancer) को जोखिम घटाउँछ।

**तौल घटाउन सहयोगी:**
गर्भावस्थामा बढेको तौल घटाउन स्तनपानले ठूलो भूमिका खेल्द छ। क्यालोरी जल्ने भएकाले महिलाले सहज रूपमा शरीरको तौल घटाउन सक्छिन्।

**मातृत्वको भावना प्रगाढ**
बच्चालाई काखमा लिएर स्तनपान गराउँदा आमामा मातृत्वको भावना झन बलियो हुन्छ। यो बच्चासँगको आत्मिक सम्बन्ध निर्माणको मूल आधार हो।

*(लेखक चितवन मेडिकल कलेजमा बालरोग विशेषज्ञ हुनुहुन्छ।)*

# निकुञ्जमा छ महिनाभित्र नौ गैंडा मरे

भरतपुर। चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा साउनयता नौ वटा गैंडा मरेका छन्। निकुञ्ज क्षेत्र र मध्यवर्ती सामुदायिक वन क्षेत्र एवम् आसपासमा ती गैंडा मरेका हुन्।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार साउनयता पाँच वटा भाले र तीन वटा पोथी गैंडा मरेका हुन्। एउटाको लिङ्ग पहिचान हुन नसकेको उनले जानकारी दिए। मरेका गैंडामध्ये एउटा विद्युतीय करेन्ट लागेर हो भने अन्य सबै प्राकृतिक कारणले मरेका उनको भनाइ छ।

पछिल्लोपटक पुस २२ गते एउटा भाले गैंडा मरेको जनाउँदै मगरले कुमरोज मध्यवर्ती सामुदायिक वनमा अन्दाजी ३५ वर्षको भाले गैंडा मृत भेटिएको बताए। "यो गैंडा जुधेर मरेको अनुमान गरिएको छ। गैंडाको खाग, खुर सुरक्षित अवस्थामा थियो", उनले भने।

हरेकवर्ष गैंडा विभिन्न कारणले मर्ने गरेकामा प्राकृतिकरूपमा, विद्युतीय करेन्ट लागेर तथा एकापसमा जुधेर, दलदलमा फसेरलगायत प्रमुख कारणले मर्ने गरेका निकुञ्जका सूचना अधिकारी मगरले जानकारी दिए। उनका अनुसार यस निकुञ्जमा पछिल्लो गणनाअनुसार ६९४ वटा गैंडा रहेका छन्।

यसैबीच, नारायणगढ-माडी-ठोरी हुलाकी सडकखण्डअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको सडकमा टायल बिछ्ययाउने काम सुरू गरिएको छ। माडीतर्फबाट ३४ मिटर सडकमा परीक्षणस्वरुप टायल बिछ्याउन थालिएको हो।

माडी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालका अनुसार निकुञ्ज क्षेत्रमा टायल बिछ्याउँदा प्रभावकारिता कतिको हुन्छ भन्ने परीक्षणस्वरुप काम सुरु गरिएको हो। नगरपालिकाको १० लाख लागतमा सडकमा टायल बिछ्याउने काम भइरहेको उनले जानकारी दिए। उनले भने, "सुरूआतमा परीक्षणस्वरुप कम क्षेत्रमा काम गर्न लागिएको हो। यो काम सफल भएमा पुनः अन्य क्षेत्रमा विस्तार गरिने छ।"

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मगरका अनुसार वन तथा वातावरण मन्त्रालयमा सहमति भएर विभाग हुँदै पत्र आएपछि टायल बिछ्याउने काम सुरु गर्न अनुमति दिइएको हो। उनले भने, "सुरूमा ३४ मिटर परीक्षणस्वरुप काम गर्न दिइएको छ।" यो परीक्षण सफल भएमा निकुञ्जको सडकमा पर्ने देउरालीसम्म नगरपालिकाको बजेटबाट टायल राख्ने काम गर्ने भन्ने सहमति भएको उनले जानकारी दिए।

माडी नगरपालिकाका उपप्रमुख खेमप्रसाद महतोले निकुञ्जभित्रको सडकमध्ये अहिले ३४ मिटरमामा टायल बिछ्याइने र अन्य सडकलाई स्तरोन्नति गरिने बताए। उनले भने, "सुरूआती समयमा परीक्षणस्वरुप थोरै क्षेत्रमा टायल बिछ्याउन लागिएको छ भने अन्य सडकलाई स्तरोन्नति गर्न सुरू गरिएको छ।" अहिले टायल लगाउनका लागि आवश्यक संरचना निर्माण सुरू गरिएको उनले बताए।

माडीका बासिन्दाले सो सडक कालोपत्र गर्न सरकारलाई दबाब दिँदै आएका छन्। विश्व सम्पदा सूचीमा सूचीकृत निकुञ्जभित्र कालोपत्र गर्न अनुमति लिनुपर्ने भएपछि विकल्पका रूपमा टायल बिछ्याउने सहमतिअनुसार काम अघि बढाउन लागिएको नगरपालिका कार्यालयले जनाएको छ।

# शारदानगर जेसीजको पद हस्तान्तरण

शरदानगर। शारदानगर जेसीजको २६औं पद हस्तान्तरण तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ।

सन् २०२५ की अध्यक्ष लक्ष्मी केसीले आफ्नो गलामा भएको जेसीज चेन सन् २०२६ का अध्यक्ष रमेश घिमिरेलाई लगाइदिएर पद हस्तान्तरण गरिएको थियो। निर्वाचनबाट कार्यकारी उपाध्यक्षमा रेशम भुजेल र शोबिक अर्याल र उपाध्यक्षहरुमा दीपक दवाडी, विजय सुनार, सञ्जय कुँवर, शुभद्रा अधिकारी, देव्यानी क्षेत्री र पुनम थापा मगर चुनिएका छन्।

त्यस्तै, महासचिवमा दिनेश आचार्य र कोषाध्यक्षमा अञ्जली बरूवाललाई चयन गरिएको छ। त्यस्तै, निर्देशकहरुमा विजय सुनार, सुवास क्षेत्री, अरिश्मा सापकोटा र सूर्य अधिकारी रहेका छन् भने कानुनी सल्लाहकारमा श्रेयशी सेढाईंलाई मनोनीत गरिएको छ। अन्य समितिमा पहिलो बैठकले मनोनीत गर्दै लैजाने जनाइएको छ।

२०२५ की अध्यक्ष लक्ष्मी केसीको सभापतित्व तथा वर्ष ०२६ का राष्ट्रिय अध्यक्ष जीवन कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विभिन्न विधामा जेसीजलाई योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान तथा पुरस्कृत गरिएको थियो। स्वागत मन्तव्य कार्यक्रम संयोजक दिपेश आचार्यले गरेका थिए। निर्वाचन आयुक्त पूर्वअध्यक्ष हरिराज अर्याल, सन्तोष पण्डितलगायतले मन्तव्य व्यक्त गरेका थिए।

विज्ञापन गर्नु परेमा
सम्पर्क :
९८४५०६७४१४
९८०९२५८००६



# रत्ननगर महोत्सवमा 'दोस्रो मह उत्सव' सुरू

रत्ननगर। पूर्वी चितवनको रत्ननगरमा दोस्रो मह उत्सव सुरूभएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाइ चितवनको आयोजनामा रत्ननगरको टिकौली चौरमा जारी रत्ननगर महोत्सव परिसरमा मह उत्सव सुरू भएको हो।



महको गुणस्तरीयताको प्रचारप्रसार र बजारीकरण गर्ने उद्देश्यले आयोजना गरिएको उत्सवको जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले मह चाखेर उद्घाटन गरेका हुन्। सो अवसरमा समन्वय प्रमुख अधिकारीले महोत्सवभित्र किसानको उत्पादनलाई बजारीकरण गर्न उत्सव राखेकोमा खुसी व्यक्त गरे। उनले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने भन्दै सरकारले यस्ता मेला महोत्सवलाई प्राथमिकतामा राख्नुपर्ने बताए। 'चितवनमा महको उत्पादन राम्रो छ,' उनले भने, 'यस्ता मेला महोत्सवले उपभोक्तासम्म किसानको उत्पादन पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ।'

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले अघिल्लो वर्ष सौराहाको हात्ती महोत्सवमा प्रथम मह उत्सवको आयोजना गरेको थियो। त्यो कार्यक्रम प्रभावकारी भएपछि चितवनको रत्ननगर महोत्सवमा मह उत्सवको आयोजना गरिएको कार्यालय प्रमुख महेश रेग्मीले जानकारी दिए।

मह उत्सव माघ २ गतेसम्म चल्नेछ। रेग्मीका अनुसार महोत्सव स्थलमा १० वटा बिक्री कक्ष राखिएको छ। उनले परिसरमा आउनेहरुलाई महको महत्त्व दर्शाउँदै निःशुल्क मह चखाइने बताए। 'हाम्रो उद्देश्य महको गुणस्तरीयता र बिक्री वितरणका लागि बजारीकरण गर्नु हो,' मह उत्सवको उद्देश्य बताउँदै रेग्मीले भने, 'यहाँबाट विदेशी नागरिकसहित देशभरका नागरिकले मह चाखेर जानुभएको छ।'

बजारमा नक्कली मह आएको अवस्थामा महको गुणस्तरबारे उपभोक्तालाई जानकारीसमेत गराउने उद्देश्य राखिएको उनको भनाइ छ। मह उत्सवमा मह चाखेर मह चिन्ने प्रतियोगिता, महको महत्त्व र मौरी सम्बन्धी जनचेतनामूलक समेटिएको हाजिरीजवाफ प्रतियोगितासमेत आयोजना गरिएको छ। मह चाखेर महको प्रकार पत्ता लगाउनेलाई मह उपहार प्रदानसमेत गरिने छ।

चितवनमा उत्पादन भएको महको गुणस्तरसमेत राम्रो रहेको मौरी विकास केन्द्र भण्डाराका प्रमुख सुजन अम्गाईंले जानकारी दिए। कार्यालयले मौरीजोनअन्तर्गतका मौरीपालक उद्यमी किसानका उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले बजारीकरण, 'प्याकेजिङ लेबलिङ' मा सहयोग गर्दै आएको छ। आर्थिक वर्ष २०७५/०७६ देखि चितवनमा मौरीजोन स्थापना भएको हो। चितवनमा वार्षिक करिब साढे छ टन मह उत्पादन हुँदै आएको छ।

# नारायणी नदीमा छाडियो २० वटा घडियाल गोही

भरतपुर। चितवन राष्ट्रिय निकुञ्जको राप्ती नदीकिनारस्थित सौराहाघाट क्षेत्रमा २० वटा घडियाल गोहीलाई प्राकृतिक वासस्थानमा पुनर्स्थापना गरिएको छ।

निकुञ्ज मुख्यालय कसरास्थित घडियाल प्रजनन केन्द्रमा हुर्काइएका ५ भाले र १५ पोथी गरी २० घडियाल गोहीलाई संरक्षण कार्यक्रमअन्तर्गत नदीमा छाडिएको निकुञ्जका सूचना तथा संरक्षण अधिकृत अविनाश थापामगरले जानकारी दिए।

सङ्कटापन्न अवस्थामा रहेको घडियाल गोहीको संरक्षण, प्रजनन तथा प्राकृतिक संख्यामा वृद्धि गर्ने उद्देश्यले गोहीलाई चरणबद्ध रूपमा नदीमा पुनर्स्थापना गरिएको निकुञ्जले जनाएको छ। घडियाल गोही छाड्ने कार्यक्रममा निकुञ्जका संस्थापक महानिर्देशक विश्वनाथ उप्रेती, प्रमुख संरक्षण अधिकृत गणेश पन्त, नेपाली सेनाका गणपति शिवराम वस्न्यात, क्षेत्रीय होटल संघ सौराहाका महासचिव महेश खनाल, पर्यटन व्यवसायी वासुदेव ढुङ्गानालगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले घडियाल गोही नदी पारिस्थितिकी तन्त्रका महत्त्वपूर्ण सूचक प्रजाति भएको उल्लेख गर्दै यसको संरक्षणले जलचर जैविक विविधता सन्तुलनमा महत्त्वपूर्ण भूमिका खेल्ने निकुञ्जका संस्थापक महानिर्देशक विश्वनाथ उप्रेतीले बताए।

यस्तै, निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले घडियाल संरक्षण कार्यक्रमले चितवन क्षेत्रको पर्यावरणीय पर्यटन प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरिएको बताए। चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले आगामी दिनमा पनि घडियाल गोही संरक्षण तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइने निकुञ्जले जनाएको छ।


**भरतपुर महानगरपालिका**

**नगर कार्यपालिका कार्यालय**

**भरतपुर, चितवन**

**सूचना ! सूचना !! सूचना !!!**

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**

**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


# स्वास्थ्य/खेलकुद



## चिसोबाट कसरी बच्ने यस्ता छन् १० उपायहरु

चिसो मौसममा विशेष गरी श्वासप्रश्वासका समस्याहरू बढी देखिन्छ। चिसो मौसममा वायुमण्डलमा भएको हावा चिसो र सुक्खा हुने हुँदा यसले प्रत्यक्ष रूपमा श्वासप्रश्वासमा असर गर्ने गर्छ। सुक्खा हावाले गर्दा घाँटी दुख्ने, खसखस हुने, खोकी बढ्ने, स्याँस्याँ हुनेजस्ता समस्या निम्तिन सक्छ।

दम रोग लागेका बिरामीहरू चिसो मौससमा बढी प्रभावित हुन्छन्। दीर्घरोगीसँगसँगै चिसोमा सामान्य व्यक्तिलाई समेत श्वासप्रश्वासमा समस्या देखिन सक्छ।



चिसो मौसममा विभिन्न भाइरसहरू सक्रिय हुने हुँदा रुघाखोकी, नाकबाट पानी बग्ने, जोर्नी दुख्ने समस्यासमेत देखिने हुन्छ।

चिसो मौसममा यी समस्याबाट बच्न यस्ता छन् सुझाव।

- चिसो मौसममा बिहान र बेलुका अत्यावश्यक कामबाहेक घरबाट ननिस्किने।
- शरीरमा तातो, न्यानो हुनेगरी कपडा लगाउने र व्यक्तिगत हेरचाह गर्ने।
- पोषणमा ध्यान दिने। झोलिला कुराहरू बढी खाने।
- ध्यान दिएर धुवाँ र धुलो नभएको स्थानमा वा घरमै शारीरिक व्यायाम गर्ने।
- चिसो मौसममा वायु प्रदूषण बढी हुने हुँदा मर्निङ वाक र इभिनिङ वाकमा नजाने।
- कोठाभित्र बस्दा झ्यालढोका थुनेर होइन, खुला गरेर बस्ने।
- घाँटी खसखसाएको छ भने सफा पानीको बाफ लिने।
- ब्लड प्रेसर, कोलेस्टेरोलको बिरामीले हरेक बिहान प्रेसर र कोलेस्टेरोलको मात्रा मापन गर्ने।
- जाडो महिनामा दीर्घरोगीहरूको समस्या बढेर जान सक्ने जोखिम भएकाले निरन्तर फलोअपमा जाने।
- चिसो खानेकुरा र जंकफुड नखाने।

# 'शंखनाद' प्रतियोगितामा आचार्य बने विजेता

रत्ननगर। रत्ननगर महोत्सव अन्तर्गत पूर्वी चितवनस्तरीय शंखनाद प्रतियोगितामा कलात्मक शंखनाद गर्दै राप्ती-४ का भगवान आचार्य विजेता भएका छन्। उपविजेतामा राप्ती-४ कै विश्वामित्र आचार्य तथा रत्ननगर-१० का मुकुन्द शर्मा पौडेलले सान्त्वना स्थान प्राप्त गरेका छन्।

महोत्सवमा सांस्कृतिक कार्यक्रमको सुरूवात शंखनादबाट गरिएको हो। शंखनाद प्रतियोगिताका निर्णायक संयोजक एवम् रत्ननगर उवासंघका कार्यसमिति सदस्य वेदप्रसाद आचार्य, राष्ट्रिय लोकभजन चुड्का संरक्षण प्रतिष्ठान चितवन शाखाका अध्यक्ष टीकाराम लामिछाने तथा सञ्चारकर्मी रामु आचार्य निर्णायक सदस्य रहेको सो कार्यक्रम कला तथा संस्कृति प्रवर्द्धन समिति संयोजक प्रकाशमणि सापकोटाको सभापतित्वमा भएको हो।

निर्णायक संयोजक वेदप्रसाद आचार्यले शंखनाद गर्नुको महत्त्वबारे प्रकाश पार्दै शंखध्वनि पृथ्वीमा गुञ्जिएको प्रथम शब्दध्वनि भएको जसबाट ॐ को शब्द निस्किएको र यसलाई भगवान् विष्णुको प्रतीकका रुपमा लिने गरिएको धार्मिक मान्यता रहेको बताउँदै शंखको महत्त्व धार्मिक, सांस्कृतिक र वैज्ञानिक तीनै दृष्टिकोणबाट धेरै ठूलो रहेको बताए। शंखनादको बहुआयामिक महत्त्वलाई बुझाउन रत्ननगर महोत्सवको १२ औं संस्करणदेखि शंखनाद कार्यक्रम गर्दै दोस्रो संस्करण गरिएको रत्ननगर महोत्सव-२०८२ का मूल समिति संयोजक शङ्कर गिरीले बताए।

# रेडक्रस सोसाइटीको साधारण सभा

दिव्यनगर। नेपाल रेडक्रस सोसाइटी दिव्यनगर उपशाखाको २९औं उपशाखा सभा एवम् ३८औं वार्षिकोत्सव कार्यक्रम आइतबार ज्योतिनगरमा सम्पन्न भएको छ।

रेडक्रस चितवन शाखाका पूर्वसभापति हरिप्रसाद न्यौपाने प्रमुखअतिथि रहेको कार्यक्रममा भरतपुर- २६ का वडाध्यक्ष ज्ञानप्रसाद खनाल, नेरेसो चितवनका उपसभापति सिर्जना अधिकारी, साबिक दिव्यनगरका अध्यक्ष बुद्धिबहादुर गुरूङ, यशस्कर सदस्य स्व. कृष्णप्रसाद ढकालकी धर्मपत्नी कालिका ढकाल, वडा सदस्य सावित्री कोइराला, उपशाखा चनौलीका सभापति ओम लामिछानेलगायतले मन्तव्य व्यक्त गरेका थिए।


**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.**

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

**हाम्रा सेवाहरू :**

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

# त्रिशूलीमा भेटिएको बसको उत्खनन जारी

भरतपुर। नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरोले बगाएर त्रिशूली नदीमा खसेको बसको अवशेष आइतबार भेटिएपछि उत्खनन गरिएको छ।

तनहुँको आबुँखैरेनी गाउँपालिका-५, दुन्द्राङबैंसीस्थित त्रिशूली नदीकिनारमा फेला परेको बसको उत्खनन् सोमबार पनि जारी थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरीले आइतबार दिनभर बसको उत्खनन गरेका थिए। उक्त कार्य जारी रहने जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।



जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार बिहान १०:४५ बजेको समयमा त्रिशूली नदीकिनारमा एउटा बसको अगाडिको केही भाग पुरिएको अवस्थामा फेला परेको थियो। उक्त बस विसं २०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत सिमलताल क्षेत्रमा काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको 'गणपति डिलक्स' लेखिएको बस हुनसक्ने जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए।

सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय साराङघाटबाट प्रहरी नायब निरीक्षकको नेतृत्वमा दुई र इलाका प्रहरी कार्यालय आबुँखैरेनीबाट प्रहरी निरीक्षकको नेतृत्वमा १२ जनाको टोली घटनास्थलमा खटिएको छ।

घटनास्थलमा बस त्रिशूली नदीकिनारमा पुरिएको अवस्थामा देखिए पनि पूर्ण रूपमा यकिन हुन नसकेको प्रहरी नायब उपरीक्षक विकले बताए। हाल पुरिएको बस उत्खनन गर्ने कार्य तथा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

सहभागी राष्ट्र

४ गैंडाकोट महोत्सव २०८२

पौष २५-माघ १०

नारायणी नदी किनार

आकर्षणहरू

ओपेरा हाउस

सांस्कृतिक नृत्य

जलपरी शो

लाइभ म्युजिक

आयोजक

+977-78-501122, 9851129563, 9855055657

ccigaindakotnepal@gmail.com

http://ccigaindakot.org.np

## फिल्म/मनोरञ्जन



# वर्षा राउत "रिमझिम गिरे सावन"बाट बलिउडमा डेब्यु गर्दै

काठमाडौं। अभिनेत्री वर्षा राउतलाई अब भारतीय फिल्ममा देख्न पाइने भएको छ। उनले फिल्म 'रिमझिम गिरे सावन'मार्फत बलिउडमा डेब्यू गर्न लागेकी हुन्। उनले यसै साता फिल्मको मुख्य भूमिकाका लागि निर्माण पक्षसँग कागजी सम्झौता गरेकी छन्। उनीसँग सम्झौता गर्न भारतबाट निर्देशकसहितको टिम काठमाडौं आएको थियो।



फिल्ममा अनुबन्ध भएपछि वर्षाले आफ्नो नयाँ यात्रालाई लिएर उत्साह व्यक्त गरेकी छन्। उनले भनेकी छन्, 'मैले खोजिरहेको र मेरो अभिनय क्षमतालाई चुनौती दिने खालको भूमिका पाएकी छु। हिउँले भरिएको कठिन भूगोलमा छायांकन गर्नु चुनौतीपूर्ण भए पनि यो मेरा लागि सिक्ने अवसर हो। बलिउडका कलाकार र त्यहाँको टिमसँग काम गर्न पाउनु मेरो लागि गर्वको कुरा हो।'

दुर्गम पहाडी भूभागमा आधारित रहने यो फिल्मको छायांकन सिक्किमको लाचुङ गाउँमा गरिने जनाइएको छ। नेपाली समुदायको परिवेश समेटेर फिल्मले मृत्युदण्डको सजाय पाएकी एक सन्तानकी आमा (रिमझिम क्षेत्री)को सङ्घर्षपूर्ण कथालाई चित्रण गर्नेछ, जसमा रिमझिमको भूमिकामा वर्षाले अभिनय गर्नेछिन्। अर्थात् फिल्मको कथा उनीमा नै केन्द्रित हुनेछ।

यस फिल्ममा बलिउडका कलाकारहरू आशिष विद्यार्थी, यशपाल शर्मा, सुब्रत दत्त र राजेश शर्मासहित कोलकाताकी कलाकार सुस्मिता बसुमताको पनि अभिनय रहने निश्चित भइसकेको छ। फिल्ममा बलिउडका एक चर्चित अभिनेतालाई पनि अनुबन्ध गर्ने तयारीमा निर्माण पक्ष छ, जसले 'सावन' पात्रको भूमिकामा अभिनय गर्नेछन्। बङ्गाली निर्देशक अर्नब पलले फिल्मको निर्देशन गर्नेछन्। यसअघि उनले 'तान्त्रिक' जस्तो क्राइम थ्रिलर र 'मेघमल्लार' जस्ता भावनात्मक कथा बोकेको फिल्म बनाइसकेका छन्।

उनले 'रिमझिम गिरे सावन'मा प्रणालीगत भ्रष्टाचार, न्याय र मर्यादाका लागि एक महिलाले गर्ने भावनात्मक र साहसपूर्ण सङ्घर्षलाई पर्दामा उतारिने जानकारी दिए।

फिल्मको पटकथा भेट्रान लेखक राकेश कुमार त्रिपाठीले तयार पारेका हुन्। यसमा असिम बोसको डिओपी, अर्घ्य कमल मित्रको सम्पादन र अतनु साहाको कला निर्देशन रहनेछ। नाङ एनी गोगोईले लाइन प्रोड्युसर र कस्ट्युम डिजाइनरको जिम्मेवारी सम्हालेको फिल्ममा नेपालबाट रामगोपाल तिमल्सिना र नृपेश रुपाखेती प्रोडक्सन म्यानेजरको रूपमा रहेका छन्। -फिल्मीखबरबाट।

# द ब्लू लाइटको "कुन हावाले" गीत सार्वजनिक

काठमाडौं। साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको फिल्म 'द ब्लू लाइट'को पहिलो गीत 'कुन हावाले' सार्वजनिक गरिएको छ। वियोगान्त भावको यस गीतमा सितुस्मा अधिकारीको शब्द, एसडी योगीको संगीत र सलिना बिकेको स्वर रहेको छ। आफ्नो साथमा रहेको व्यक्ति अचानक टाढा भएपछिको छटछटी र पीडालाई गीतमा प्रस्तुत गरिएको छ।



गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू अर्पण थापा, बेनिशा हमाल, आयुष्मान देशराज जोशी, र सृष्टि श्रेष्ठ देखिएका छन्। बेनिशा र अर्पणबीचको प्रेम र विछोडलाई केन्द्रमा राखिएको भिडियोमा बेनिशालाई अर्पणको यादमा तड्पिएको देख्न सकिन्छ। उनी गर्भवती समेत छिन्। भिडियो हेर्दा त्रिकोणात्मक प्रेमकथामा फिल्म आधारित रहेको अनुमान गर्न सकिन्छ।

बलिराम चौहानको निर्देशनमा बनेको यस फिल्ममा महेश त्रिपाठी र सुरक्षा इटानी पनि मुख्य भूमिकामा छन् भने बाल कलाकारमा ग्रिस्मा कटुवाल र सहारा शर्मा रहेका छन्। फिल्मलाई निर्देशक चौहान स्वयंले निर्माण गरेका हुन्। भोलानाथ कटुवाल र रमन ग्रे सह-निर्माता रहेको फिल्ममा कार्यकारी निर्माताहरू बेनिशा हमाल र नरेन्द्र मैनाली हुन्।

आगामी माघ १६ गतेबाट प्रदर्शन हुने यो फिल्ममा नरेन्द्र मैनालीको छायांकन, लोकेश बज्राचार्यको सम्पादन, मोहक श्रेष्ठको ब्याकग्राउन्ड स्कोर, एसडी योगीको संगीत, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन तथा सुनिल क्षेत्रीको नृत्य निर्देशन रहेको छ। फिल्मको यसअघि सार्वजनिक टिजरले दर्शकमा राम्रो प्रभाव छाडेको छ, जसमा द्वन्द्व, तनाव र रहस्यलाई थ्रिलर शैली देखाइएको छ।

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"



❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।

❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।

❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४

# मोटरसाइकलको ठक्करबाट वृद्ध घाइते

भरतपुर। भरतपुर महानगरपालिका वडा नं-११, होप चोकमा नम्बर नखुलेको मोटरसाइकलले स्कुटरलाई ठक्कर दिँदा एक वृद्ध घाइते भएका छन्। नम्बर नखुलेको मोटरसाइकलले ना ५५ प ७५५८ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरपछाडि सवार भरतपुर-२ बस्ने ६३ वर्षीय प्रेमकुमार श्रेष्ठ घाइते भएका हुन्।

नारायणी सामुदायिक हस्पिटल भरतपुरमा उपचार भइरहेको र उपचारमा घाइतेका आफन्त विपिन श्रेष्ठ र स्कुटर चालक संलग्न रहेको, नम्बर नखुलेको मोटरसाइकलको खोज तलास कार्य भइरहेको प्रहरीले जनाएको छ।

## वैदेशिक ...

सञ्चालक दीपक भट्टराईले युवालाई स्वदेशमै रोक्ने वातावरण बनाउन राज्यले नीति निर्माणमा ध्यान दिनुपर्ने बताए। साना उद्योगीलाई हेरेर नीति बनाएमा मुलुकमा उद्यमशीलता बढ्ने उनको भनाइ छ।

राज्यको नीतिको कारण उद्योगी मारमा परेका उल्लेख गर्दै भट्टराईले राज्यको तीन ठाउँमा उद्योग दर्ता गर्नुपर्ने बाध्यता भएको उनले बताए। 'उद्योग दर्तालाई सहज बनाउँदै अनलाइन प्रणालीमा जान सके अहिलेका युवाहरु स्वदेशमै रमाउन सक्छन्' उनले भने, 'आधुनिक प्रविधिमा दख्खल राख्ने युवाहरु काममा ढिलासुस्ती हुँदा कुरेर बस्न रुचाउँदैनन् र विदेश पलायन हुन्छन्।' युवालाई स्वदेशमै रोक्ने वातावरण बनाउन राज्य गम्भीर भएर लाग्नुपर्ने उनले बताए।

आगामी माघ १० गतेसम्म नवलपुरको गैँडाकोट-२ स्थित नारायणी नदीकिनारमा सञ्चालन हुनेछ।

महोत्सव आयोजक संस्था जिल्ला उद्योग वाणिज्य संघ गैँडाकोटका वरिष्ठ उपाध्यक्ष एवम् महोत्सव मूल समिति संयोजक छवि कँडेलले महोत्सवस्थलमा बाल उद्यान, कृषि परिसरलगायत जलपरी, फिस टनेल, ओपेरा हाउस विशेष आकर्षणको रुपमा निर्माण गरिएको जानकारी दिए।

संघका वरिष्ठ सदस्य एवम् महोत्सव प्रचारप्रसार समिति संयोजक शालिकराम सापकोटाले यसपटकको महोत्सवले समग्र नवलपुरको पर्यटन क्षेत्रको विकास गर्दै आर्थिक क्षेत्रलाई चलायमान बनाउने उनले बताए।

संघका अध्यक्ष एवम् महोत्सवका संरक्षक दीपक सापकोटाले किसानहरुले उत्पादन गरेको कृषिजन्य सामग्री महोत्सवस्थलमा निःशुल्क प्रदर्शनी र बिक्री गर्ने व्यवस्था मिलाइएको जानकारी दिए। 'कृषिको प्रवर्द्धन गर्ने उद्देश्यले कृषकले उत्पादन गरेको कृषिउपजलाई महोत्सवमा निःशुल्क स्टल प्रदान गर्दैछौँ', उनले भने, 'यसले कृषकलाई कृषि पेसामा लाग्न प्रेरित गर्ने हाम्रो अपेक्षा छ।'

कृषकले उत्पादन गरेका कृषिउपजलाई बजारीकरणमा सहयोग पुऱ्याउँदै पेसामा टिकाउका लागि उनीहरुको उत्पादन निःशुल्क प्रवर्द्धन गर्न लागिएको सापकोटाले बताए। दुई लाख बढी दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको महोत्सवमा रु २५ करोडभन्दा बढीको आर्थिक कारोबार हुने अनुमान गरिएको छ।

## रत्ननगर...

सक्ने आशङ्का गरिएको छ। सो घटनाले रत्ननगरमा मात्र होइन समग्र चितवनकै सुरक्षा चुनौतीबारे गम्भीर प्रश्न खडा गरेको छ।

घटनास्थलमा स्थानीयहरुबीच संवादका क्रममा सुकमायाले केही दिनअघि मात्र पेन्सन र घरभाडा बुझेको र घाँटीमा करिब तीन तोलाको सुनको सिक्री लगाउने गरेकी थिइन्। अपराधीहरुले नगद र गहनाकै लोभमा उनको बीभत्स हत्या गरेको हुन सक्ने अनुमान गरिएको छ। प्रहरीले सम्भावित अपराधीको खोजी कार्य तीव्र बनाएको छ भने आसपासका सिसिटिभी फुटेज, छिमेकीसँगको सोधपुछ र मृतकको पृष्ठभूमिबारे विस्तृत अनुसन्धान भइरहेको जनाएको छ।

## रत्ननगर...

रोजगारीको अवसर पहिचान गर्न आयोजना गरिएको रोजगार मेला-२०८२ ले रोजगार खोज्ने युवा र रोजगारदाताबीच सेतुको काम गर्ने गिरीले बताए।

कृषि, पर्यटन, कला-संस्कृति र व्यापारलाई विशेष जोड दिँदै समग्र चितवनको आर्थिक गतिविधिलाई चलायमान बनाउने उद्देश्य राखिएको संघका वरिष्ठ उपाध्यक्ष निराजन खनालले बताए।

विगत दुई दशकदेखि हरेक दुई वर्षमा आयोजना हुँदै आएको यस महोत्सवको १३औँ संस्करणको चार लाखभन्दा बढी दर्शक अवलोकन गर्ने र २५ करोडभन्दा माथिको कारोबार हुने अनुमान गरिएको खनालले बताए।

पर्यटन प्रवर्द्धनतर्फ खगेरी खोलामा मोटरबोट तथा सामुदायिक वनहरुमा जीप सफारी सञ्चालन गरिएको छ। महोत्सवमा अल्लो र गाजाको बोटबाट बनेका कपडाका स्टलहरुसमेत रहेका छन्।

महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका करिब ५०० स्टलहरू रहेका छन्। महोत्सव महोत्सवअन्तर्गत पौष २९ देखि माघ ३ सम्म सौराहाचोकस्थित बसपार्कमा छैटौँ चिकेन एन्ड एग रत्ननगर सांस्कृतिक खाना महोत्सव-२०८२ आयोजना गरिएको संघका पूर्वअध्यक्ष एवम् संयोजक ज्ञानबहादुर विसुरालले बताए।

कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिँदै बृहत् कृषि प्रविधि प्रदर्शनीमा केरा, माछा, च्याउ, दुग्धजन्य पदार्थ, पोल्ट्री, मह र रैथाने बालीको प्रदर्शन तथा बजारीकरणलाई महोत्सवले प्राथमिकतामा राखेको संघका महासचिव उपेन्द्र शर्मा आचार्यले बताए।

# तोपसहित सङ्ग्रहालय निर्माण

उपरदाङगढी। चितवनको पुरानो सदरमुकाम उपरदाङगढीमा रहेको गढीमा कोतघर निर्माण गरी सङ्ग्रहालयका रूपमा विकास गरिएको छ। कोतघरमा तोपसहितको हातहतियार राखेर सङ्ग्रहालयका रूपमा विकास गरिएको हो।

नेपाली सेनाले सङ्ग्रहालय निर्माणका लागि ऐतिहासिक हातहतियारहरू सहयोग गरेको छ। नेपाली सेनाको नयाँ सवुज गण भरतपुरका गणपति प्रमुख सेनानी दिनेश लामाका अनुसार छ पाउण्डको तोप एक थान, किटको गोला पचास वटा, भरुवा बन्दुक दुई नाल, छालाको ढाल एक थान, तरबार दुई थान, खुकुरी छवटा र खुँडा एक थान सेनाले उपलब्ध गराएको छ।

कोतघर भने इच्छाकामना गाउँपालिकाले रु एक करोड ८३ लाख खर्चेर निर्माण गरेको हो। सङ्ग्रहालयको व्यवस्थापन र रेखदेख इच्छाकामना गाउँपालिकाले गर्दै आएको छ।

सेनवंशीय राजा मणिमुकुन्द सेनले निर्माण गरेको यो गढी शाहवंशीय राजा बेलाबहादुर शाहको नायवीमा यसको थप मर्मत गरिएको इतिहास छ। नेपाल एकीकरणका बेला बहादुर शाहका छोरा शत्रुभन्जन शाह यहाँ आएर सेनाको टुकडी राखेको इतिहासमा उल्लेख छ।

इच्छाकामना गाउँपालिका-७ मा रहेको गढीमा पुराना हातहतियारहरू प्रदर्शनमा राखिएपछि पर्यटकका लागि थप आर्कषणको केन्द्र बनेको छ। सङ्ग्रहालय तथा कोतघरको इच्छाकमना गाउँपालिकाको आयोजनामा उद्घाटन गरिएको हो। कार्यक्रममा नेपाली सेनाका मध्यक्षेत्र पृतना हेडक्वाटर हेटौँडाका पृतनापति उपरथि विष्णुकुमार खड्काले उद्घाटन गरेका हुन्।

उद्घाटन कार्यक्रममा पुरातत्त्व विभागका महानिर्देशक शौभाग्य प्रधानाङ्गले गढीको जीर्णोद्धार गर्दै कोतघर बनाउँदा मौलिकपन दिइएकाले पर्यटकका लागि आर्कषक केन्द्र बन्ने बताए। उनले यही गढीबाट अङ्ग्रेजका सेनालाई नेपाली सेनाले युद्धमा लखेट्न सफल भएको बताए। पुरातत्व विभागको स्वीकृतिमा परम्परागत कला, संस्कृति झल्किने गरी कोतघर निर्माण गरिएको उनको भनाइ छ।

इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरूङले पर्यटन प्रवर्द्धनका लागि गढीमा कोतघर निर्माण गरी सङ्ग्रहालयका रूपमा विकास गरिएको बताए। गढीसम्म पुग्ने सडकलाई थप व्यवस्थित गर्ने, स्थानीयले सञ्चालन गरेका घरबासलाई व्यवस्थित गर्दै पर्यटक आकर्षित गर्ने योजना आफूहरूको रहेको बताए। उनले भने, "चितवनको समथर भूभागमा गर्मी हुँदा यहाँ सिरक ओढेर सुत्न सकिन्छ, तल हुस्सुले ढाकेको समयमा यहाँ पहारिलो घाम ताप्दै आनन्द लिन सकिन्छ।"

खण्डहर बन्दै गएको ऐतिहासिक थलो उपरदाङ्गढी संरक्षण गरेर थप पूर्वाधार निर्माण गरेपछि पर्यटकहरू बर्सेनि बढ्दै गएको बताउँदै उनले गढी बाहिर वनभोजस्थललगायत अन्य पर्यटकीय गतिविधि गर्न मिल्ने संरचना निर्माण गरिँदै लैजाने बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, इच्छाकामना गाउँपालिकाका उपाध्यक्ष माया सिलवाल, प्रमुख जिल्ला अधिकारी गणेश अर्याललगायतले उपरदाङ्गढीको पुरातात्त्विक र ऐतिहासिक महत्त्वबारेमा चर्चा गरेका थिए।

यसअघि भरतपुरस्थित नेपाली सेनाको गणबाट तोपलाई वैद्धिक विधिपूर्वक पूजा गरी बाजागाजासहित उपरदाङ्गढी पुऱ्याइएको थियो। गढीमा पनि तोपलाई विधिपूर्वक पूजापाठ गरी कोतघरमा राखिएको हो।

सेन राज्यकालदेखि विसं २०१४ सम्म यो गढी चितवन क्षेत्रको सरमुकाम थियो। विसं १९१९ मा सदरमुकाम झुवानी सारिएको थियो। तर गर्मीमा कङ्काली कोट सार्नुपर्दा औलो, जङ्गली जनावरको त्रासले सरदमुकाम पुनः उपरदाङ्गढीमा नै सारिएको बताइन्छ। औलो उन्मूलनपछि सदरमुकाम २०१४ सालमा भरतपुर सारियो।

सेनकालीन यस गढीमा प्रधानसेनापति अभिमानसिंह बस्न्यातको नेतृत्वमा १८३४ साल ३ गते हमला भई (गोर्खा) नेपाल राज्यमा गाभिएको इतिहास रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र बस्नेतले बताए।






## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** — शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

## प्रतिनिधिसभा सदस्य निर्वाचन :
# 'निर्वाचनका लागि तयारी तीव्र पारेका छौँ ।'

भरतपुर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन ५० दिन बाँकी रहँदा जिल्ला निर्वाचन कार्यालय चितवनले तयारी तीव्र पारेको छ ।



आगामी माघ २ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्ने भएकाले त्यसको तयारीमा कार्यालय लागेको हो ।

यसपटक चितवन क्षेत्र नं २ का लागि भरतपुर महानगरपालिका-१० स्थित बाइपास रोडमा रहेको उद्योग तथा वाणिज्यको पुरानो भवनमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी नेत्रराज श्रेष्ठले जानकारी दिए ।

'अहिले निर्वाचनको तयारी अघि बढाइरहेका छौँ । सुरूमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्ने भएकाले सोका लागि काम भइरहेको छ', सूचना अधिकारी श्रेष्ठले भने । क्षेत्र नं १ का लागि भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय खैरहनीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने छ भने क्षेत्र नं ३ का लागि रामपुरस्थित सिँचाइ कार्यालयमा स्थापना गरिने उनले बताए ।

निर्वाचन आयोगले क्षेत्र नं २ का लागि मुख्य निर्वाचन अधिकृतमा चितवन जिल्ला अदालतका न्यायाधीश केदारनाथ पौडेललाई नियुक्त गरिएको जनाउँदै उनले क्षेत्र नं १ मा सर्वोच्च अदालतका विकासकुमार रजक र क्षेत्र नं ३ मा वन तथा वातावरण मन्त्रालयका उपसचिव बालकृष्ण निरौलालाई नियुक्त गरिएको बताए ।

चितवनमा यसपटक कुल मतदाता चार लाख ४२ हजार ८२ जना रहेका छन् । गत भदौमा भएको जेनजी प्रदर्शनपछि २० हजार ६९० जना मतदाता थपिएका निर्वाचन कार्यालयका सूचना अधिकारी श्रेष्ठले जानकारी दिए ।

# गैँडाकोट महोत्सव : 'जलपरी' डोमको उद्घाटन

गैँडाकोट । चौथो संस्करणमा गैँडाकोट महोत्सवको आकर्षणको रुपमा रहेको जलपरीको उद्घाटन गरिएको छ । गैँडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारीले जलपरी राखिएको डोमको उद्घाटन गरेका हुन् । जलपरी डोमको उद्घाटन गर्दै नगरप्रमुख अधिकारीले यो अद्भूत दृश्य हेर्न आउन सबै नागरिकलाई आग्रह गरेका छन् ।

महोत्सवमा राखिने जलपरी यहाँको लागि नौलो भएको भन्दै नगरप्रमुख अधिकारीले आएर अवलोकन गर्न अनुरोध गरेका हुन् ।

जिल्लामा आयोजना गरिने यसप्रकारको महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणसँगै आर्थिक क्षेत्रलाई चलायमान बनाउनेसमेत अधिकारीले बताए । नारायणी नदी किनारमा सञ्चालित यस महोत्सवले यहाँको धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनसँगै स्थानीय उत्पादनलाई बजारसम्म जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने आफ्नो विश्वास रहेको अधिकारीको भनाइ छ ।

नगरप्रमुख अधिकारीले उद्घाटन गरेसँगै जलपरी हेर्ने आउने दर्शकको उपस्थिति उल्लेख्य देखिएको छ । महोत्सव आउने अधिकांश दर्शकहरु



जलपरी तथा फिस टनेलको अवलोकन गर्न पुगेका महोत्सव प्रचारप्रसार उपसमिति संयोजक शालिकराम सापकोटाले बताए । सापकोटाकाअनुसार महोत्सवको दोस्रो दिन शनिबार दर्शकहरुको उल्लेख्य सहभागिता रहेको छ ।

यसैबीच, महोत्सवको सांस्कृतिक कार्यक्रममा कलाकार प्रकाश सपूत, सीता राना, गायक तथा प्रस्तोता दीपक खड्का र सन्तोष सुवेदीलगायत स्थानीय तथा ख्यातिप्राप्त राष्ट्रिय कलाकार हरुको सांगीतिक प्रस्तुति राखेका महोत्सवको सांस्कृतिक कार्यक्रम संयोजक किशोर लम्सालले बताए । लम्सालकाअनुसार कलाकार हरुले आफ्ना चर्चित गीतमार्फत दर्शकहरुलाई मनोरञ्जन प्रदान गरेका थिए ।

महोत्सवको तेस्रो दिन आइतबार चर्चित गायिका समीक्षा अधिकारीसहितका कलाकारको प्रस्तुति


"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"

तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.

Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.

मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर

कुनै पनि किसिमको घर तथा ब्यबसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौ ।



मुख्य कार्यालय मो. : ९८६५०४२९५६, ९८४५९२७८८१

शाखा कार्यालय मो. : ९८४३९१४०३१

तामाङ छिटोछरितो निर्माण सेवा प्राली

TikTok


# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔँ ।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


# हार्दिक आभार तथा धन्यवाद



चितवन उद्योग वाणिज्य संघको ५९औं साधारण सभा तथा अधिवेशनबाट उपाध्यक्ष जस्तो गरिमामय पदमा विजयी गराउनु हुने सम्पूर्ण मतदाताहरु, सहकर्मी, संघका सदस्यहरु, निर्वाचनमा सक्रिय भूमिका निर्वाह गर्नुहुने अग्रज तथा सहकर्मीहरु एवम् प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभाव तथा व्यवसायी मित्रहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**जनक पौडेल**
उपाध्यक्ष

फोन : ९८४६४७५३४१, ९८४६८५२९१५

# गोरखा फेन्सी

भरतपुर-११, बसेनी





हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ ।

Cell: 9845067414

B. & B. Media Network [P.] Ltd.

Bharatpur, Chitwan

Remember for :

Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job